

JULY 2014

# Gari Khana Deu!

monthly e-zine


PAGE 3 | के नियमनले साना उद्यमीहरुलाई राहत अदिइरहेको छ त ?

PAGE 5 | राज्यले जनतासंग कर मात्र लिने कि सेवा सुविधा पनि दिने ?

PAGE 8 | Education + Baseless legislations = Mess

# Editor's Note

Dear Readers,

We come to you with yet another edition of *Gari Khana Deu's* monthly e-zine. The month of July stood witness to quite a few happenings in the political scene—our diplomatic relations with India were revisited as Ms. Sushma Swaraj, Indian External Affairs Minister was in Nepal to co-chair the meeting of the Indo-Nepal Joint Commission which was held after a gap of 23 years. Citing the visit as a success, both the countries have resolved to extend their cooperation in a number of areas to strengthen bilateral ties.

While that happened in the political front, we ask ourselves if regulations have been at the core of our slow-paced development. From *Kirana Pasals* (mom and pop stores) to private schools in Nepal—these are guided by one too many regulations often making it difficult for such entities to function smoothly and provide services to the best of their abilities. If the goal of such entities is to provide better goods and services to customers at the most competitive prices it is not at all justified to have the same compromised because of over-regulations from the government. In asking the questions, two of our articles try and address the issue of over-regulations in Nepal along with recommending some viable alternatives.

As tax-paying, law-abiding citizens we expect that government be responsible towards us. But in a country where state-owned enterprises continue to drain us of our hard earned money, what should be done, we ask. Perhaps the answer lies in being able to take charge and in not letting the government do one and all—business, afterall should not be government's business.

Like each of our previous editions, we thank you for being there. We also look forward to your feedback.

Until then,

Happy Reading!

**Anita Krishnan**


**Gari Khana Deu! Monthly E-zine**
**issue: July 1st, 2014**

**Editor:** Anita Krishnan
**Contributors:** Akash Shrestha
BasantaAdhikari
**Design:** Diwas Maharjan


**Contribute your views | opinons**

Please send your articles views, opinions regarding the campaign and the issue raised by the campaign to info@livablenepal.org

**SUBSCRIPTION**

For free subscription please send your name, address, email and phone number to **info@livablenepal.org** with the title E-zine

**Gari Khana Deu! Monthly E-zine is a publicaion of Gari Khana Deu! campaign**

Gari Khana Deu! Campaign advocates three fundamentals: stronger rule of law, right to life and property, and freedom to enterprise and follow profession of one's choice. The campaign attempts to strengthen these core values in three phases. Phase 1 of the campaign entailed popularizing the campaign and weaving it into daily conversations. Phase 2, where the campaign is currently at, aims to conduct and disseminate research related to the core values. Phase 3 involves lobbying various policy recommendations put forth by the campaign. As part of Phase 2, this newsletter aims at elucidating the relevance of the three fundamentals in our everyday lives

# के नियमनले साना उद्यमीहरुलाई राहत दिइरहेको छ त ?त

– आकाश श्रेष्ठ

संसार भर, लघु तथा साना उद्यम मानव शक्ति परिचालन गर्नमा, उद्यमीहरु बीच प्रतिस्पर्धालाई प्रोत्साहन गर्न, धनको सृजना गर्नम, व्यक्तिको आय बढाउनम र सामाजिक असमानता घटाउनम महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । हामी यस प्रकारका उद्यमहरुलाई लघु, साना तथा मझौला उद्यमीहरुको आर्थिक विकास र समृद्धिको अवसरका रुपमा लिन सक्छौं ।

## वर्तमान स्थिति

हाल, यहि सम्भावनालाई मध्यनजर गरी नेपाल राष्ट्र बैंकले यस प्रकारका लघु तथा साना उद्यमहरुको वित्तिय पहुंच बढाउने जिम्मा आफूले लिएको अवस्था छ। लगानीकालागि पूँजी हुने हो भने नेपालका अधिकांश लघु तथा साना उद्यमहरुको बृद्धि भई भविष्यमा उनीहरुनै बजारको ठूला खेलाडीहरुमा रुपान्तरित हुन सक्छन् भन्ने कुरालाई राष्ट्र बैंकले स्वीकार गरेको देखिन्छ। यसै सिलसिलामा राष्ट्र बैंकले २०१३/१४ मौद्रिक नीति मार्फत वाणिज्य बैंक, विकास बैंक र लघु वित्त संस्थालाई आफ्नो कूल ऋण सुविधाको क्रमश: ४.५%, ४% र ३.५% ऋण विपन्न वर्ग कर्जाको रुपमा उपलब्ध गराउन पर्ने व्यवस्था गरेको छ। तथापि, व्यवहारमा भने राष्ट्र बैंकको यो योजना सोचे अनुरुप लागु हुन सकेको छैन। अर्को शब्दमा भन्नु पर्दा, लघु तथा साना उद्यमीहरु अझैपनि वित्तिय पहुंचको हिसाबमा भने विभिन्न समस्याहरुबाट ग्रस्त छन्।



## सहकारीहरु प्रभावकारी हुन सकेका छैनन्

लघु तथा साना उद्यमहरुकोलागि पूँजीको सबै भन्दा सजिलो श्रोत भनेको सहकारी हो । कारण - सहकारिहरुमा सदस्यता लिन निकै सजिलो छ र यस्ता संस्थाहरु घर-घरमा गई मार्केटिङ् गर्ने गर्छन् । पसल-पसलमा गई यी संस्थाहरु दैनिक रुपमा रकम संकलन गर्छन् र आवश्यक परेको समयमा उद्यमीहरुले विश्वासको भरमा र कुनै कागजात प्रस्तुत नगरी आफ्नो बचतको तीन गुणा सम्म झिक्न सक्छन्। तर सहकारीको प्रभावकारीको विषयमा दुई महत्वपूर्ण मामिलाहरु देखिने गरेको छ। एक, सहकारीबाट पाइएका ऋणहरु विषेश गरी कम परिमाणको र अल्पकालिन हुने गर्छन् जुन एक वर्ष वा कममा चुक्ता गरिसक्नु पर्छ। दुई, ऋणको परिमाणको दाँजोमा हेर्ने हो भने उद्यमीहरुलाई भारी ब्याजदर लाग्ने गरेको पाइन्छ। त्यहि ऋण यदि वाणिज्य बैंक वा विकास बैंकबाट पाउने हो भने त्यसमा लाग्ने ब्याजदर सहकारीको दाँजोमा निकै कम हुन जाने हुन्छ। सहकारीबाट पाइने ऋणको ब्याजदर २० देखि ३० प्रतिशत सम्म हुन जान्छ । त्यसैले यदि लघु तथा साना उद्यमहरु बढ्ने नै हो भनेउद्यमीहरुलाई ठूलै परिमाणको पूँजीको आवश्यकता पर्न जान्छ जुन सहकारीबाट पाउन सकिंदैन । यस प्रयोजनकोलागि वाणिज्य बैंक वा विकास बैंक नै धाउन पर्ने हुन्छ ।

## तर वाणिज्य बैंक र विकास बैंक पनि प्रभावकारी हुन सकेका छैनन् ।

यस्ता ठूला बैंकहरुबाट ऋण लिने समयमा पनि उद्यमीहरुलाई अर्को दुई प्रकारको झंझट पर्न जाने देखिन्छ । एक, सहकारीको दाँजोमा ब्याजदर कम हुने हुँदा यस्ता संस्थाहरु आफूलाई केहि जोखिम नहोस्, वा ऋण असुल गर्न केहि अप्ठ्यारो नपरोस् भन्ने हिसबाले आसामीहरुसँग विभिन्न प्रकारको कागजातहरु माग्छन् । आसामीहरुले व्यापार योजना, नगरपालिकाको स्वीकृति, कर सम्बन्धी दस्ताबेज, धरौटी, सम्पत्तिको मूल्यांकन, घर बहालको करार, वासलात, इत्यादि पेश गर्नु पर्ने हुन्छ । उदाहरणकोलागि प्राय: किराना पसलेहरु, जुन हाम्रो समाजका सबै भन्दा साधारण प्रकारका लघु तथा साना उद्यमीहरु हुन्, उनीहरुसँग न त लेखा सम्बन्धी केहि विशिष्ट ज्ञान हुन्छ, न औपचारिक शिक्षा हुन्छ, न त कुनै आधुनिक उपकरणहरु चलाउने क्षमता। प्राय: पसलेहरुको घरबेटिसँग कुनै अनौपचारिक किसिमको सम्झौता भएको हुन्छ र यस कारण धेरै सम्झौताहरुको करार गरिएको हुँदैन । बिहान ५ बजे देखि राति ८ बजेसम्म खट्नु पर्ने यस्ता उद्यमीहरु सम्पत्तिको मूल्यांकन गराउन समय र पैसा खर्च गर्न पनि असमर्थ हुने हुन्छन्। किराना पसलनै चलाएर बस्न पर्ने अवस्थामा भएकाकतिपयसँग त धितो राख्नलाई अन्य केहि सम्पत्ति पनि नहुन सक्ने संभावना पनि हाम्रो समाजमा धेरै छ । दुई, वाणिज्य बैंकहरु आफै पनि यस्ता लघु तथा साना उद्यमलाई सुविधा दिन हिच्किच्याउने गर्छन् । अन्य विशिष्ट सेवाहरु दिन सकिने संभावनाको दाँजोमा यसरी थोरै रकम मात्र दिन पर्ने तर हरेक प्रकारका प्रक्रियाहरु निर्वाह गर्न पर्ने हुँदा वाणिज्य बैंकहरुलाई यसरी साना उद्यमीहरुसँग व्यापार गर्न त्यति लाभदायी नहुने देखिन्छ। ऋण रकमको तुलनामा बैंकहरुलाई यस प्रकारको व्यापार गर्दा त्यसमा लाग्ने प्रशासनिक खर्च नै धेरै पर्न जाने देखिन्छ । यसै कारण यस्ता बैंकहरु बरु एकमुस्ट रुपमा वित्त कम्पनीहरुलाई रकम दिने गर्छन् । यसो गर्दा पेरी लघु तथा साना उद्यमीहरुलाई भारी ब्याजदर लाग्न जान्छ। कति पय अवस्थामा वाणिज्य बैंकहरु राष्ट्र बैंकले तोकेको मापदण्ड पुरा गर्न भन्दा त्यसको पालना नगरेर जरिमाना तिर्नमा राजी भएको पाइएको छ ।

## केहि संभाव्य विकल्पहरु

लघु तथा साना उद्यमीहरुकोलागि प्रमुख चुनौती भनेको नै उनीहरुको व्यवसाय बढाउनकोलागि आवश्यक वित्तिय पहुँच नहुनु हो । नेपालमा हालसम्म अभ्यास गरिएका उपायहरुले चाहे अनुरुप नतिजा दिन सकेका छैनन् । यस अवस्थामा एउटा विकल्प भनेको उद्यमीहरुको व्यापार योजनाको आधारमा उनीहरुलाई ऋण उपलब्ध गराउने हुन सक्छ । लघु तथा साना उद्यममा लागेका प्राय: व्यक्तिहरुसँग धरौटी राख्न अचल सम्पत्ति नहुने अवस्थामा यस्तो अभ्यासले उनीहरुलाई ठूलो राहत दिन सक्छ । हालसालै मात्र, राष्ट्र बैंकले बैंक तथा वित्तिय संस्थाहरुले विपन्न वर्ग कर्जाको रुपमा वित्त कम्पनीहरुमा सेयर लगानी गर्न सक्ने व्यवस्था ल्याएको छ । यस व्यवस्थाले उद्यमीहरुलाई के-कस्तो असर पर्न जाला, त्यो अझै हेर्न बाँकी नै रहेको अवस्था छ। अर्को विकल्प भनेको बैंकहरुले उद्यमीहरुको वस्तुको स्टकलाई धरौटी मानी यसको बदलामा ऋण दिने अभ्यास सुरु गर्न सक्छ। निजी सम्पत्तिको अधिकारलाई प्रवद्धन गर्ने र सुरक्षा दिने हो भने यसलाई पनि धरौटीको रुपमा मानिने अभ्यास सुरु गर्न सकिन्छ।

एका तिर राष्ट्र बैंकले बैंक तथा वित्तिय संस्थाहरुले आफ्नो विपन्न वर्ग कर्जा दायित्व निर्वाह गर्न नसकेकोमा चासो जनाइरहेको अवस्था छ भने अर्का तिर हामीले नियमन गर्नाले मात्र लघु तथा साना उद्यमीहरुले लक्षित सेवा र सुविधा पाउने ग्यारेण्टि नहुने कुरा देख्यौं। नियमन गर्नाले मात्र लक्ष्य लिइए अनुरुप लघु तथा साना उद्यमहरु बृद्धि भइरहेको भने छैन । स्वतन्त्र बजारमा जब लक्ष्य लिए अनुरुप नतिजा आउँदैन, तब मान्छेहरु विभिन्न प्रकारका नवीन आविष्कारहरु गर्न थाल्छन् । नेपालको लघु तथा साना उद्यमीहरुको वित्तिय पहुँच बढाउनकोलागि पनि वित्तिय क्षेत्रमा यस्तै नवीन आविष्कारहरु हुन पर्ने देखिन्छ।




# राज्यले जनतासंग कर मात्र लिने कि सेवा सुविधा पनि दिने ?

**– बसन्त अधिकारी**

केहि दिन अघिको कुरा हो, मेरो मेसिन रिडेबल पासपोर्ट बनाउनु पर्ने भयो । सन् २०१५ देखि पुरानो पासपोर्ट प्रचलनमा नरहने प्रावधानले गर्दा मेरो २००८ मा बनाएको पासपोर्टको ५ वर्ष अझै म्याद हुदा हुदै पनि नयाँ बनाउनु पर्ने बाध्यता हुन गयो । मेरो मनमा एउटा जिज्ञासा उठ्यो, के नेपाल सरकारले मेरो पुरानो पासपोर्टमा भएको ५ बर्षको बाकी म्याद नयाँ बन्ने पासपोर्टमा थपीदिन्छ त ?तर पछि थाहा भो सर कारले यस्तो प्रावधान गर्दोरहेनछ । बरु जिल्लाबाट नयाँ पासपोर्ट लिन रु. ५,००० तिरेर २ महिना कुर्नु पर्ने रहेछ । जसलाई हतार छ उसले जिल्लाबाट सिफारिस लिइ राजधानी गइ रु. १०,००० तिरेर हप्ता दिन पछि पासपोर्ट पाइने प्रावधान रहेछ । मलाई मनमा जिज्ञासा उठ्यो, जिल्लाबाट किन दुई महिना लाग्ने ? मैले जिल्ला प्रशासन कार्यालयका कर्मचारीलाई सोधे, किन दुई महिना कुर्नु पर्ने भनेर, उनले जबाब दिए, यहाँ जम्मा भएको फारम २० देखि २२ दिनमा एकै पटक भेला गरेर पठाईन्छ । त्यसैले ढिलो भएको हो । मैले भने "त्यसो भा हरेक दिन जम्मा भएको फारमलाइ कुरियर गरेर पठाउदा त काम चाडो हुन्थ्यो होला नी" ? उनले भने "नियम नै यस्तो छ" । मैले भने, "बरु यो पासपोर्ट दिने काम निजि संस्थालाई दिएको भए चाडो काम हुन्थ्यो होला हगी" ? उनले भने, "हुन्थ्यो होला, तर निजि संस्थाहरुका मानिसहरु हामी जतिको जिम्मेवार र जबाबदेहि हुदैनन, हामीले गल्ति गर्यौ भने हाम्रो जागिर जाने डर हुन्छ तर उनीहरुलाई त्यो डर हुदैन" । मलाई मनमन नै हासो उठ्यो र लाग्यो, सरकारी कर्मचारीहरुमा कतै त्यो डर, जवाफदेहिता र जिम्मेवारी बोध ज्यादा भएकै कारण आज सरकारी निकायहरु र देशको यस्तो बेहाल अवस्था त भएको होइन ।

आश्चर्य को कुरा हो कि जनताले रु. ५,००० को ठाउँमा रु. १०,००० तिर्‍यो भने सरकारले चाडो पासपोर्ट दिन सक्ने रहेछ, त्यहि कुरा यो देशको सरकारले किन रु. ५,००० मा गर्न नसकेको ? चाहने हो भने त गर्न

सकिन्थ्यो होला तर जनताको लागि सोच्ने, बोल्ने र गर्ने कस्ले ? के यो देशका नागरिकहरुसंग आवश्यकता भन्दा ज्यादा धन सम्पत्ति छ र राज्यले उनीहरुमाथि अनावश्यक आर्थिक भार थपिएको हो ? जबकी यहि देशका नागरिकहरु संसार कै सबै भन्दा गरिब हैसियत बोकेका नागरिक छन । अफ्र यिनीहरुले नै बिदेशमा गइ श्रम बेचेर पठाएको पैसाले देशको कुल ग्राहस्त उत्पादनको २५ प्रतिशत धानिरहेको अवस्था छ । सर कारले यी गरिब निमुखा जनतालाई सहुलियत दिनु कता-कता उल्टै यिनीहरुको नै घाटी निचोर्ने योजना बनाउनु कत्तिको व्यवहारिक छ ? याद रहोस, विदेश जाने सबै सबै धनि हुदैनन, यो देशका अधिकांश जनता सोखले हैन, बाध्यताले गर्दा पासपोर्ट बनाउन र विदेश हिडेका छन । यहा धेरै जसोलाई ऋण कर्जा गरेर पासपोर्ट बनाउनु पर्ने बाध्यता छ भने विदेश जान लाग्ने रुपैया पैसाको त कुरै छोडौ ।

पैसा तिरेर पनि त्यति सजिलो छैन गरिब नेपालीहरुलाई पासपोर्ट लिन । छिटो र चाडो सेवाको पासपोर्ट लिन हरेक नागरिकले जिल्लाबाट राजधानी तर्फ धाउनु नै पर्छ । त्यसो गर्दा हरेक नागरिकको बाटो खर्च देखि लिएर गाडी भाडा, कम्तिमा पनि हप्ता दिनको समय र त्यहा बस्दा खेर अरु थप रकम खर्च हुन्छ। यसका साथै परराष्ट्र मन्त्रालयको अनावश्यक झन्झटिलो प्रक्रियाको त कुरै छोडौ। यति गरेर एकजना व्यक्ति आफ्नो पासपोर्टको लागि बिहान कुखुराको भाले बास्नु भन्दा पनि अगाडी गएर लाइनमा कम्तिमा ५ घण्टा उभिनु पर्दछ, जुन कुरा जो कसैको लागि पनि कस्टप्रद हुन्छ। यति सानो ठाउमा यति धेरै मानिसहरु यसरी कोचिएर उभिनु पर्छ, यसको तुलनामा काठमाडौँको माइक्रो बस र टेम्पोको यात्रा धेरै सहज महसुस हुन्छ । त्यसमा पनि बेला बेला प्रहरीहरु आएर लाइनमा बसेका व्यक्तिहरुलाई यसरी व्यवहार गर्छन लाग्छ कि यसरी लाइनमा बस्ने व्यक्तिहरुको आत्मसम्मान नै छैन । यी नागरिकहरुले कसैको बाबुको केहि कर्जा खाएका छैनन तरपनि सबै जना चुप लागेर बस्न बाध्य हुन्छन । किनकि यिनीहरुलाई लाग्छ "किन ब्यर्थमा यी प्रहरीलाई जवाफ फर्काएर अनावश्यक झमेलामा पर्ने, जबाफ फर्काउदा वा पासपोर्ट पो नपाइने हो" धेरैलाई त्यस किसिमको भावना मस्तिष्कमा आउछ जसले गर्दा सबै विस्तारै विस्तारै भेडाको चालमा चुप लगेर अगाडी बढ्न बाध्य हुन्छन ।

राज्यले नागरिकहरुसंग रु. ५,000को साटो रु. १0,000 डबल दस्तूर लिएर कुनै सुबिधा दिएपनि त नागरिकहरुलाई केहि राहत महसुस हुनेथियो, त्यो पनि छैन । अरु त कुरा छोडौ, लाइनमा बस्ने हजारौ व्यक्तिहरुको लागि मात्र दुईवटा चर्पी व्यवस्था गरिएको छ, त्यो पनि फोहोर गनाएर छिरिनसक्नु हुन्छ, जहाँ पानिको व्यवस्था पनि छैन र ढोकामा चुकुल पनि छैन। म दावा गरेर भन्न सक्छु यदि परराष्ट्र मन्त्रालयका कर्मचारीहरुलाई त्यस चर्पीमा दिसा गर्नुपर्ने बाध्यता भयो भने कसैले त्यस ठाउँमा दिसा गर्ने हिम्मत जुटाउन सक्दैनन्, जनताको छोराछोरी कसरी त्यस ठाउँमा दिसा गर्न बस्छन ? राज्य पक्ष्यको यो भन्दा लापरवाहीको अरु नमुना के हुन सक्छ ? के यिनीहरुलाई यति पनि ज्ञान छैन बिहानको समयमा मानिसहरुलाई बरु मन्दिर नगएपनि चल्छ तर चर्पी चाहि नगइ हुदैन ? नेपालको हाइवे लाइनको खान खुवाउने होटेल, जसको छबि आम मानिसहरुको नजरमा त्यति राम्रो छैन, त्यस ठाउँमा पनि यात्रुहरुलाई यो भन्दा राम्रो चर्पी र हातमुख धुने पानीको व्यवस्था गरिएको हुन्छ । फेरी यहाँ त राज्यले नागरिकहरुसंग कुम्ल्याएर बेस्सरी पैसा लिएको छ अनि सेवा दिन चाहि किन कन्जुसी ? नागरिकहरुले पैसा तिरेर मात्र सेवा उपयोग गर्ने गरि एक दुई वटा फोटोकपि मेसिन मात्र राखी दिएको भएपनि कति सुबिस्ता हुन्थ्यो होला नागरिकहरुलाई भित्र पासपोर्ट पेस गर्ने ठाउमा ३५0 जति कुर्सि छ तर व्यक्तिहरुको संख्या त्यो भन्दा ४५ गुणा बढी हुन्छ । नम्बर बोलाउन दुई चार जना प्रहरी घाटी सुकाएर चिच्याइरहेका हुन्छन, जुन समस्या साधारण नम्बर देखाउने विद्युतीय मेसिन जडान गरि समाधान गर्न सजिलै सकिन्थ्यो । खै कुनी के भरिएको छ हाम्रा सरकारी सेवकहरुको दिमागमा त्यति पनि सोच्न सक्ने क्षमता पनि छैन । नागरिकहरुलाई सेवा सुबिधा प्रधान गर्नु पर्छ भन्ने ज्ञान अलिकति पनि हाम्रो राज्यका सेवक हरुमा छैन, जबकी यिनीहरुको गास, बास, कपास, स्वास्थ, छोराछोरीको शिक्षा, आदि हरेक कुराको भरपाई आम नेपाली नागरिकहरुले मेहेनत गरि कमाएको करको पैसाबाट तलब स्वरूप आउछ ।

कार्यालय भित्र सरकारी कर्मचारीहरुको व्यवहार लाई नियालेर हेर्दा यिनीहरुलाइ आफु सरकारी नोकर भएको जस्तो भान नै हुदैन । सेवा लिन आउने व्यक्तिहरुलाई यसरी हप्काउछन लाग्छ यिनीहरु जनताका मालिक हुन र जनता यिनका नोकर । जबकी यिनीहहरुले देश र जनताको सेवा गर्छु भनेर जागिर खाएका हुन्छन । जनताको काम गर्दा यस्तो हैकम देखाउछन कि लाग्छ यिनीहरुले हामी माथि ठुलो उपकार गरिरहेका छन र हामी जनता यिनीहरु प्रति सधै अनुग्रहित भै रहनुपर्छ । यिनीहरुले नागरिकहरुसंग बोलेको बचन सुन्दा यस्तो महसुस हुन्छ कि सधै बिहान बिहान यिनीहरु करेला र निमको जुस पिउने गर्छन । फेरी काम गर्ने बेलामा भने कछुवाको जन्ती हिडेको जस्तो

व्यवहार देखाउछन । नागरिकहरुसंग छिटो मुख चलाए जस्तो हात खुट्टा पनि चलाईदिए कति राम्रो हुने थियो होला । यिनीहरुको काम गर्ने शैली हेर्दा यस्तो लाग्छ कि कसैले जबरजस्ती यिनीहरुलाई घोक्रेठ्याक लगाएर काममा जोताएको होस । जनताको काम गर्नुपर्‍यो भने जिउमा काडा उम्रिए जस्तो गर्छन, जो संग अलिकति माल झर्ने छाट हुन्छ तिनीहरु संग डाबर लाल दन्त मन्जनको बिज्ञापन स्टाइलमा बत्तिसी देखाउछन, नझर्नेहरुसंग चन्द्रमामा ग्रहण लागेको जस्तो मुख लिएर व्यवहार गर्छन । यी उल्लेखित समस्याहरु राहदानी लिने ठाउमा मात्र सिमित छैन, प्राय जसो सबै सरकारी निकायहरुमा यी समस्या बिद्यमान छन, जसलाई सुधार्न नितान्त जरुरी छ ।

आज दैनिक रुपमा झन्डै रु. ३,००० को हाराहारीमा व्यक्तिहरुले परराष्ट्र मन्त्रालयमा पासपोर्ट बनाउन आउने कुरा पत्रपत्रिकामा आइरहेको छ । त्यसको मतलब परराष्ट्र मन्त्रालयको पासपोर्ट लिने शाखाबाट मात्र राजस्व स्वरुप दैनिक ३ करोड रुपैया उठ्दछ भने नेपाल भरिबाट महिनामा एक लाख जनासम्मले पासपोर्ट बनाएको खबर आएको छ । नागरिकहरुबाट यत्तिका धेरै रकम उठाईसकेपछि कम से कम उनीहरुको सुबिधाको लागि पनि त राज्यले ध्यान पुर्‍याउन सक्नु पर्‍यो नि ?

लोकतान्त्रिक राज्य व्यवस्थामा नागरिकहरु सर्वेसर्वा हुन्छन, राज्यले जनतासंग नै कर वसुल गरि उठेको करको पैसाबाट सेवकहरु नियुक्त गर्दछ जसको मूल अभिप्राय जनताको हीतको रक्षा गर्नु हो । त्यसैले राज्य र यिनका सेवकहरुले आफूलाई जनताको मालिक नभई जनताको सेवकको रुपमा हेर्न जरुरी छ। अहिलेको आवश्यकता भनेको राज्यले नागरिकहरुको हित रक्षाको लागि आफ्नो सेवकहरुलाई कसरी सहि तरिकाले नागरिकहरुसंग व्यवहार गर्ने र उनीहरुको कामलाई कुनैपनि किसिमको दुःख र झन्झट नदिई छिटो छरितो तरिकाबाट सम्पन्न गराउने भन्ने बारे दायित्वबोध गराउन जरुरी छ। साचो अर्थमा भन्ने हो भने यही नै कामको लागि राज्यका सेवकहरुलाई खटाईएको हुन्छ जुन कुरा सबैले बुज्न जरुरी छ ।

अन्त्यमा फेरि पनि भन्छु,राज्य र यिनका सेवकहरुको प्रमुख दायित्व भनेको नागरिकहरुलाई सेवा प्रधान गरि सर्व साधारणहरुको जिवनलाई सहज बनाउनमा मद्दत गर्नु हो न कि उनीहरुलाई अनावश्यक झन्झट र दुःख दिएर लुट्ने अभिप्राय राख्नु । हरेक कुरालाई सहने एउटा सीमा हुन्छ, राज्य र यसका सेवकहरुको यहि रवैया धेरै दिन सम्म रहिरहेको खण्डमा जनताहरुको सहन सक्ने क्षमताको बाँध टुट्न गई यसको बिरुद्धमा नागरिकहरुबाट ठुलो प्रतिकार हुन सक्छ ।





# Education + Baseless legislations = Mess

- by Anita Krishnan

When James Tooley's book, The Beautiful Tree was read many were left amazed at the discovery that the poorest of parents chose to send their children to low-cost, for-profit private schools despite the fact that government schools were available for "free". Contrary to received development wisdom, there are many private schools in developing countries; in some places, these educate more children from poor families than government schools do and parents are making an informed choice in sending their children to such schools because of the direct accountability and general performance that government run schools clearly lack.

We have known forever how government schools in Nepal have failed in comparison to their private counterparts—from student's grades to teachers' accountability—all have been criticized and rightfully so. Private schools in Nepal, for years now, have been outperforming the government schools and competition among those schools for students meant that most provided the best of services at the least of prices. Not that these schools were spared—many complained that these charged beyond what poor parents could afford. With criticism at both ends, some decisions were needed to be taken.

So what did our all-knowing and wanting-to-do-everything-government do to deal with the problem? Simple—it said that there were way too many money-extorting private schools all across the country and so it put a ban on the registration of new private schools. This meant that those willing to set up new schools were barred from doing so; meanwhile also unnaturally increasing the cost of existent schools given somebody was interested in buying the same. This also gave the existent schools enough space to not worry about keeping up with the pressures of a competitive market. While Tooley's book recounted stories of low-cost innovative schools, perhaps the killing of market based competition in Nepal means

that our parents and students won't be left with enough choices to make an informed pick from.

The government unwanted intervention does not stop just there; it came up with Institutional School Criteria and Operations Directive 2013. The directive covers everything from the required height of the class rooms to the distance students are allowed to travel to reach schools and everything in between. The idea behind this directive is to regulate the institutional schools to ensure good quality education and equal treatment of students in all the parts of the country. What the government perhaps fails to realize is that these changes in schools are infrastructural and building of such infrastructure costs money which the schools will eventually have to make up for by hiking the school fees. Some requirements that are asked of schools just don't make any sense—like the one that says schools cannot use English names. Asking schools to change their names after having enrolled students for years under the same name, comes across as being a difficult proposition for many schools when in the first place it was the government authority that approved the same name when the school was registered.

Sure, the government seems to have not completely lost track for keeping exorbitant school fees in mind, the Supreme Court passed a decision which puts price ceilings on how much a given school can charge. With the prices of schools going up and with having to comply with the directives much of which asks for infrastructural changes that cost money, the schools will sure find it hard to survive.

It is a shame that entrepreneurs who want to run low-cost, for profit schools in Nepal will never get a chance to do if the endlessness of our baseless regulatory hurdles remain intact—so much for wanting the best possible service at the least possible cost.



# STATE OF THE STATE

## The cost of Medical Negligence




The National Vigilance Centre's inspection report on the Bir Hospital had revealed a mismanagement of at least NRs. 50 million in the hospital's accounts. A World Bank survey shows that up to 80 per cent of non-salary health funds never reach the local facilities globally costing lives and leading to poor medication.

Residential Doctors' Association of the National Academy of Medical Sciences (NAMS) called for strike citing that the Bir Hospital itself has turned 'sick'. The doctors closed down all services except emergency service in the hospital. Over 1,500 patients visit the hospital daily; the strike affects them bad.

## Scam leaves empty chairs at NEA

The post of Managing Director at Nepal Electricity Authority has been lying vacant since many months. NEA has more than 10,000 staff and it also needs to look into various projects relating to electricity production and transmission—decision making bottlenecks will only create troubles for the enterprise.

The position of the Managing Director has been lying vacant since last year when The Commission for the Investigation of Abuse of Authority, the anti-graft constitutional body had arrested and prosecuted the then Managing Director, Rameshwor Yadav for his involvement in a transformer purchase scam worth millions of rupees. CIAA had arrested Yadav and nine other incumbent and former top officials for misappropriating millions of rupees while purchasing transformers three years ago. Ten other NEA officials were also found guilty of being involved in the scam.

## Business confidence of entrepreneurs rises

According to a study the confidence of entrepreneurs has increased in Nepal despite concerns that investment environment is deteriorating. The Business Confidence Survey done by the Federation of Nepalese Chambers of Commerce and Industry (FNCCI) among the entrepreneurs across the country shows that there has been significant improvement in business confidence in the past six months.

The Business Confidence Index (BCI) has risen by 9.8 points in comparison to the earlier data. This USAID funded survey was conducted among 420 entrepreneurs (62 % were from service sector, 26 % from production based sector and 12 % from agriculture sector). The report shows that economic development is possible even with political instability if good governance can be ensured.

# Glimpses

Every once in a while, we all have little complaints—nothing wrong with it really! Sometimes, knowing what the trouble is, makes dealing with the trouble much easier.

Like with everything else, we have little things we would want fixed in Nepal and the answers came when we asked you all—"What makes Nepal not-so-livable?"




These are but a few of our problems and looks like identifying the problems is a good place start at. If these are problems that have bugged you personally, please feel free to write to us (info@livalblenepal.org) and remember there are many others who suffer just the way you do—we might just be able to battle it out together!



# Gari Khana Deu!

# Distrct Representatives

| SN | Name | District | Contact No. |
|---|---|---|---|
| 1 | Amit Jha | Dhanusha | 9844047888 |
| 2 | Amrita Younjon | Illam | 9842645993 |
| 3 | Bishnu Lammichhane | Sindhuli | 9801602759 |
| 4 | Durga Budathoki | Tehrathum | 9842148231 |
| 5 | Gopal Neupane | Taplejung | 9842715839 |
| 6 | Indra Bahadur Thapa Magar | Baglung | 9847669704/068521821 |
| 7 | Kebal Singh | Siraha | 9842850189 |
| 8 | Kishan Shrestha | Kavre | 9851076726 |
| 9 | Krishnaman Chitrakar | Nuwakot | 9841425352 |
| 10 | Mamta Pokhrel | Sunsari | 9842307122 |
| 11 | Mangal Bega | Panchthar | 9752607278/9806007713 |
| 12 | Manoj Bhattarai | Sarlahi | 9841223221 |
| 13 | Netra Sagar Chaudhary | Dang | 9857831736 |
| 14 | Pankaj Singh | Saptari | 9815728358 |
| 15 | Phadindra Lamichhane | Bhojpur | 9819394973 |
| 16 | Pitambar Paudel | Kailali | 9848442746 |
| 17 | Prabhunidhi Panta | Kanchanpur | 9848721547 |
| 18 | Pradeep Pariyaar | Parbat | 9849699402 |
| 19 | Pradeep Phuyal | Dhankuta | 9807340766 |
| 20 | Prem Chaudhary | Bardiya | 9758001550 |
| 21 | Sachin Anugraha and Team | Jhapa | 9815982903 |
| 22 | Sameer Sapkota | Palpa | 9847116355 |
| 23 | Santosh Karki | Rupandehi | 9847027823 |
| 24 | Suman Rai | Morang | 9842051153 |
| 25 | Sumit Koirala | Surkhet | 9858022413 |
| 26 | Tilak mani Adhikari | Kapilbastu | 9857055554 |
| 27 | Tulasi Chaulagain | Udayapur | 9842828607 |




# How can YOU help ?

- Talk about this movement with your friends and peers
- Join us on the Gari Khana Deu! Facebook page (https://www.facebook.com/groups/garikhanadeu / and put forth your views on the various issues being discussed
- Visit the campaign website (www.livablenepal.org) to contribute your ideas and opinions
- Provide feedback to your local representative on how s/he can help create a livable Nepal
- Share your ideas on how to create a livable Nepal by writing to newspapers or through other forms of media
- Start a movement in your own community, advocating for a livable Nepal
- Use Gari Khana Deu! merchandize, such as bumper stickers on your vehicles, to spread the word on the campaign and its fundamentals
- If someone is violating your right and access to a livable Nepal, do not be passive! Express your views and advocate for a livable Nepal
- Volunteer as a District Representative
- Help with merchandise production: stickers, brochures, badges, t-shirts, etc.
- Broadcast Audio/Visual Display of Gari Khana Deu! PSA through available medias
- Sign our petition

**Campaign Secretariat :**
National Campaign for a Livable Nepal | 416, Bhimsengola Marg, Minbhawan Kharibot, Kathmandu, Nepal
Tel:(+977)-1-446-4616 | Fax: (+977)-1-448-5391 | Email: info@livablenepal.org | www.livablenepal.org